आज मिति २०८१।११।२८ गते जिल्ला प्रशासन कार्यालय कपिलवस्तुका प्रमुख जिल्ला अधिकारी श्री विश्व प्रकाश अर्यालको अध्यक्षतामा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बस्यो। जसको उपस्थिति र निर्णय यस प्रकार रहेको छ।

**उपस्थिति:**

| सि.नं. | नाम थर | पद | कार्यालय/ संस्थाको नाम | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | श्री विश्व प्रकाश अर्याल | प्र. जि. अ. | जिल्ला प्रशासन कार्यालय, कपिलवस्तु | ९८५७०३७७७७ | |
| २ | श्री परमान्द घिमिरे | स.प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय, कपिलवस्तु | ९८५७०५४७७७ | |
| ३ | श्री विदुरध्वज अधिकारी | प्र.से. | शमशेर दल गण गोरुसिंगे, कपिलवस्तु | ९८५२८४११११ | |
| ४ | श्री निरन्जन दत्त भट्ट | प्र.उ. | जिल्ला प्रहरी कार्यालय, कपिलवस्तु | ९८५७०८५५५५ | |
| ५ | श्री नेत्र के.सी. | स.प्र.उ. | स.प्र.बल नेपाल नं. २८ गण हे क्वा. बर्मेली | ९८५१२७२११६ | |
| ६ | श्री दिनेश पोखेल | रा. अनु. अ. | रा. अनु. जि.का. कपिलवस्तु | ९८५७०६११४१ | |
| ७ | श्री मोहन मणि अधिकारी | प्र.ना.उ. | जिल्ला प्रहरी कार्यालय, कपिलवस्तु | ९८४८०५०९३६ | |
| ८ | श्री जनार्दन अधिकारी | जि.स.अ. | जिल्ला स.स. को का | ९८४८०६८२२२ | |
| ९ | श्री शान्ती देवी हरिजन | माओवादी | केन्द्रिय सदस्य | 984199037 | |
| १० | चक्रपाणी अर्याल | नगरप्रमुख | बाणगङ्गा न० पा० | 9857050934 | |
| ११ | मेघराज गिरी | अ. हेड | [illegible] | ९८६६०४६८८८ | |
| १२ | माधव पराजुली | प्रतिनिधी | रास्वपा | ९८४६०३२५०८ | |
| १३ | नारद कोहार | सहसचिव | नेपाल पत्रकार महासंघ | ९८२६०२४६८९ | |
| १४ | ईश्वरी प्रसाद पौडेल | सि.डि.के.अ. | डि.के.यु.को.क. (कपिलवस्तु) | ९८४७०४१०९४ | |
| १५ | सूर्य बहादुर थापा | के.के.अ. | — " — " — " — | ९८६३४४१३९१ | |
| १६ | गौरव ढकाल | प्रमुख | स्वास्थ्य कार्यालय | ९८४१६५०८८३ | |
| १७ | अब्दुल रशीद खाँ | के०सदस्य | ज०स० पा० नेपाल | ९८६०६४२८८८८ | |
| १८ | बाबुराम खनाल | अध्यक्ष | नेकपा (एमाले) | ९८४११६२४६४ | |
| १९ | पिताम्बर न्यौपाने | स०प्र०नि० | स० प्र० बल नेपाल नं० २८ गण | ९८६०५४१८८८ | |
| २० | मान बहादुर रायमाझी | प्र० प्र०नि० | स० प्र० बल नेपाल नं० २८ गण | ९८६००८३४६० | |
| २१ | गयादीन कुर्मी | अध्यक्ष | तौलिहवा उद्योग वा. संघ | 9857022203 | |
| २२ | सन्तोष कुमार श्रीवास्तव | मन्त्री | नेपाल रेडक्रस सोसाइटी | 9857051956 | |
| २३ | रामचन्द्र ओझा | व.व.अ. | डिभिजन वन कार्यालय कपिलवस्तु (तौलिहवा) | ९८६३२०४६६३६ | |
| २४ | कुन्देश्वर प्र. थारु | ATC | दलित सामाजिक विकास केन्द्र | ९८६६८२८०१६० | |
| २५ | पदम राज श्रेष्ठ | प्रा.नि.अ. | कपिलवस्तु नगरपालिका | ९८४८०४८२०१ | |
| २६ | | | | | |

## मिति २०८१।११।२८ गते बसेको जिल्ला विपद् व्यवस्थापन समिति कपिलवस्तुको बैठकका निर्णयहरु :-

१. सुख्खा मौसमको समयमा जिल्लाका विभिन्न स्थानहरुमा आगलागीका कारण हुन सक्ने विपदजन्य घटना न्यूनीकरणका लागि तयार गरिएको **आगलागी नियन्त्रण सम्वन्धी कार्ययोजना, २०८१** को मस्यौदा उपर विस्तृत छलफल गरी संशोधन सहित पारित गर्ने।

२. सुख्खा मौसममा वन जंगलमा हुने वन डढेलो लाई रोकथाम एवं नियन्त्रण गरी क्षति न्यूनीकरण गर्ने उद्देश्यले तयार गरिएको **वन डढेलो रोकथाम, नियन्त्रण तथा व्यवस्थापन योजना, २०८१** को प्रस्तावित मस्यौदा स्वीकृत गरियो। साथै स्वीकृत योजनाको प्रभावकारी कार्यान्वयनको लागि सामुदायिक वन, साझेदारी वन, डिभिजन वन कार्यालय, सुरक्षा निकाय र स्थानीय तह बीच आवश्यक समन्वय र सहकार्य गर्ने।

३. आगलागी वन, डढेलो, हुरी, बतास, चट्याङ लगायतका सम्भावित विपद्जन्य घटना न्यूनीकरणका लागि सबै पक्ष जिम्मेवार भई देहाय बमोजिम कार्य गर्ने/गराउने।

- पालिका स्तरमा रहेको स्थानीय विपद् व्यवस्थापन समितिलाई थप सकृय बनाउने, फोकल पर्सनहरु नियमित सम्पर्कमा रहने , एम्बुलेन्स र दमकल आवश्यक मर्मत गरी तयारी अवस्थामा राख्ने।
- पालिकाहरुले सूचना मूलक सामाग्रीहरु प्रचार/प्रसार गर्ने गराउने।
- संचार क्षेत्रले जन चेतनामूलक कार्यक्रमहरुको प्रसारण गर्ने।
- विपद्जन्य घटना आइलागेमा प्रतिकार्यका लागि तत्काल परिचालित हुने।
- आवश्यक सूचना आदान प्रदान सहित समन्वयात्मक रुपमा कार्य गर्ने।

४. कृषकहरूले गहुँको ठूटीमा आगो लगाउने कार्यले आगलागीका अत्याधिक घटना घट्ने गरेको र वायु प्रदुषण समेत हुने हँदा त्यस्तो कार्य हुन नदिन स्थानीय तहले वढी सकृयता देखाउने र आवश्यक परे नजिकको प्रहरी एकाईको समेत सहयोग लिने।

५. जिल्ला विपद् व्यवस्थापन समितिको संयोजन एवं सवैको सहभागितामा सदरमुकाम तौलिहवामा आगलागी सम्वन्धी कृत्रिम घटनामा आधारित अभ्यास (Simulation) कार्यक्रम गर्ने।

६. जिल्लामा दैनिक जसो सडक दुर्घटनाका कारण जनधनको क्षति भइरहेको र यसबाट सुरक्षा व्यवस्थापनमा समेत चुनौती भएको हुँदा विग्रिएका/भत्किएका सडकको मर्मत/ पुनर्निर्माणको लागि सम्बन्धित पक्षले समयमै पहल गर्ने र दुर्घटना न्यूनीकरणको लागि जिल्ला प्रहरी कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालयले आवश्यक समन्वय गरी सचेतनामूलक कार्यक्रम गर्ने।

७. बाणगंगा नगरपालिका वडा नं. ३ र वडा नं. ११ को सिमाना.हथौसा स्थित तत्कालीन श्री ५ को सरकारको नाउँमा सा. हथौसा गा.वि.स. वडा नं. १, कि.नं. ३०३ को क्षेत्रफल ५-९-३-० (पाँच विगाहा नौ कठ्ठा तिन धुर), नेपाल सरकारको नाउमा दर्ता रहेको साविक गजेहडा गा.वि.स. वडा नं. ३ ख को कि.नं. ३६८ र ३६९ को क्रमश ०-१७-१० (सत्र कठ्ठा दश धुर) र १-११-१२ (एक विगाहा एघार कठ्ठा बाह धुर) जग्गा मध्यबाट उत्तर तर्फबाट ३-१-७-० (तिन विगाहा एक कठ्ठा सात धुर) जग्गा कृषि उपज संकलन केन्द्र संचालन प्रयोजनार्थ उपलब्ध गराउने तथा बाणगंगा नगरमा विपद् व्यवस्थापनका लागि पर्याप्त वैकल्पिक जग्गा रहेकोले उक्त जग्गा विपद् व्यवस्थापनका लागि आवश्यक नपर्ने भनी स्थानीय विपद् व्यवस्थापन समिति र बाणगंगा नगरपालिकाबाट समेत सिफारिस भई आएको हुँदा सो सम्बन्धमा मिति २०८१।०९।०८ गतेको जिल्ला विपद् व्यवस्थापन समितिबाट समेत सिफारिस भईसकेको हुँदा सरकारी जग्गा दर्ता उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनिति २०७९ बमोजिम आवश्यक प्रकृयाका लागि पुन: सिफारिस गर्ने।

८. जिल्ला विपद् व्यवस्थापन कोषबाट मिति २०८१।०९।०७ देखि हालसम्म खर्च भएको देहाय बमोजिम खर्च रकमलाई अनुमोदन गर्ने।

### तपसिल

| | | |
|---|---|---|
| -आगलागी पिडीत (२ जनालाई) | - | रु. २२,०००।- |
| -गत भाद्र असोजमा चट्याङ्बाट मृत्यु भएका २ जनाको (अनुमोदन हुन बाँकी) | - | रु. ४,००,०००।- |
| | जम्मा | रु. ४,२२,०००।- |